नेपाल कम्युनिष्ट पार्टी (एमाले)
Communist Party of Nepal (UML)
केन्द्रीय संगठन विभाग

१ कार्तिक २०८०

# प्रेस विज्ञप्ति

नेकपा एमाले केन्द्रीय संगठन विभागको गत अशोज २९ र ३० गते संगठन विभागले विभागका पूर्व प्रमुखहरुसँग मार्गदर्शन लिने र विभागीय कामलाई विद्युतीय प्रणालीमा रुपान्तरण गर्ने सन्दर्भका देखिएका प्राविधिक समस्या र अस्पस्टतालाई स्पस्ट पार्ने र यसले दिएको दिशा निर्देशलाई आत्मसात गर्दै विभागको तर्फवाट निर्णय र योजना वनाउन आवस्यक भएकोले विभागको १६ औं वैठक समेत आयोजना गरेको छ ।

संगठन विभागका पूर्व प्रमुखहरुसँगको अन्तक्रिया तथा मार्गदर्शन कार्यक्रममा संगठन विभागका पूर्व प्रमुखहरु वरिष्ठ उपाध्यक्ष कमरेड इश्वर पोखेल, उपाध्यक्ष कमरेड विष्णु पौडेल,सल्लाहाकार परिषदका अध्यक्ष कमरेड अमृतकुमार वोहरा र स्थायी कमिटी सदस्य कमरेड खगराज अधिकारीले उपस्थित भएर आफ्नो  अनुभव सहितको मार्गदर्शन मन्तव्य राख्नु भएको थियो । कार्यक्रमा पाटी महासचिव कमरेड शंकर पोखेल समेत उपस्थिति रहेको थियो । पूर्व प्रमुखहरुसँगको मार्गदर्शनले संगठन विभागलाई पार्टीको संगठनात्मक जिवनमा ठोस नीति वनाउन र निर्णय लिन योगदान पुऱ्याउने विश्वास गरिएको छ ।

यसै गरी संगठन विभागसँग जोडिएका प्राविधिक समस्याहरुको सूची तयार पारी संगठन विभाग र पार्टी सदस्यहरुको अभिलेख व्यवस्थापन र सञ्चालन अनलाईन प्रणाली अनुसार गर्न जिम्मा दिएको सूचना प्राविधि समूह वीचको अन्तर्क्रिया पार्टीका उपमहाचिव कमरेड विष्णु रिमालको विशेष उपस्थितिमा सम्पन्न भएको छ । यस कार्यक्रमवाट अनलाईन प्रणालीमा आएका समस्याहरुको जानकारी र यसका विषयमा थप दिक्षित हुने र यसलाई तिव्र गतीका साथ व्यवस्थापन गर्न विशेष पहलकदमी गर्न विभागलाई थप उर्जा मिलेको छ ।

संगठन विभागको जिम्मेवारीमा वसेर महत्वपूर्ण योगदान गरेका नेता कमरेडहरुको अनुभव सहितको मार्गदर्शन पश्चात नेकपा एमाले केन्द्रीय संगठन विभागको १६ औं वैठक विभागका प्रमुख कमरेड काशीनाथ अधिकारीको अध्यक्षता वसेको छ । संपूर्ण सदस्यहरुको उपस्थितिमा वसेको यो  वैठकले गरेका महत्वपूर्ण निर्णय यस विज्ञप्ति मार्फत सार्वजनीक गरिएको छ ।

१. बैठकमा विभाग प्रमुख काशी नाथ अधिकारीले २०७९ र २०८० मा सम्पन्न भएको पार्टी सदस्यताको नवीकरण सम्बन्धि प्रस्तुत गर्नुभएको समग्र प्रतिवेदनलाई अनुमोदन गरियो । भारत - प्रवास र अर्न्तराष्ट्रिय कमिटी मातहतका सदस्यहरु बाहेक देशभित्र रहेका सदस्यहरु मध्ये संगठन विभागबाट साँढे पाँच लाख सदस्य प्रमाणिकरण गरिएको छ ।

२. तोकिएको समयभित्रै पार्टी सदस्यता नवीकरण कार्य सम्पन्न गरी तोकिएकै समयावधिमा अधिवेशन सम्पन्न गर्न सफल भएकोमा पार्टीका सम्पूर्ण प्रदेश संगठन कमिटीहरुलाई धन्यवाद दिने र नवनिर्वाचित कमिटीहरुलाई बधाई दिने निर्णय भएकोछ । त्यसका साथै नवनिर्वाचित प्रदेश कमिटीहरुले तत्काल मापदण्डका आधारमा प्रदेश कमिटीभित्र सचिवालय बनाउने, सबैलाई जिम्मेवारी हुनेगरी कार्यविभाजन गर्ने, पार्टी केन्द्रको अपानि - ७ मा उल्लेखित बार्षिक कार्ययोजनाको मार्गदर्शनमा प्रदेशको बार्षिक कार्ययोजना बनाउने र अधिवेशन पस्चात जिम्मेवारी वाहिर रहेका पार्टी नेता कार्यकर्ताहरुलाई पार्टी काममा उत्साहित ढंगले क्रियाशील हुने परिस्थितिको निर्माण गर्न प्रदेश कमिटीकलाई ध्यानाकर्षण गर्ने ।

३. पार्टी तथा जनसंगठनका स्थानीय अधिवेशनहरुका सम्बन्धमा गरिएका निर्णयहरु :

- जिल्ला र पालिका तहका पार्टी अधिवेशनहरु माघसम्म सम्पन्न गर्ने गरी कार्ययोजना बनाउने र फागुन र चैत्रमा सदस्यता नवीकरण अभियान संगसंगै वडा तथा टोल तहका पार्टी अधिवेशनहरुको आयोजना गर्ने ।
- केन्द्रीय संगठन विभागबाट प्रमाणिकरण गरिएको नवीकृत सदस्यहरुको सूचिमा रहेका पार्टी सदस्यहरुले मात्र स्थानीय पार्टी अधिवेशनको प्रक्रियामा सहभागि हुन पाउनेछन् ।
- पार्टी आबद्ध जनसंगठनहरुको असार - असोज अभियानमा सम्पन्नगर्ने भनिएका प्रदेश तथा जिल्ला तहका अधिवेशनहरु आउने मंसिरभित्र आयोजना गरिसक्ने ।

४. पार्टीका नेता तथा कार्यकर्ताको राजनीतिक सांगठनिक विवरण व्यबस्थित गर्ने सिलसिलामा प्रारम्भमा केन्द्रीय निकायका कमरेडहरुको तत्सम्बन्धि जानकारी लिन फर्म बनाई तीन महिनाभित्र अभिलेख व्यबस्थित गर्ने ।

५. परीक्षणकालमा रहेका नयाँ पार्टी सदस्यहरुलाई प्रारम्भिक प्रशिक्षण दिनका लागि केन्द्रीय पार्टी स्कूलसंग परामर्श गर्ने र सो बमोजिम प्रशिक्षण चलाउने ।

६. श्रावणदेखि रोकिएको सदस्यता स्थानान्तरण कार्यलाई बैठकले खुलागर्ने निर्णय गरेकोछ । सदस्यता लैजाने सम्बन्धित जिल्लाको अधिवेशनको मिति नतोकिदा सम्म आफ्नो सदस्यता स्थानान्तरण गर्न सक्नुहुने निर्णय गरिएको छ ।

७. विभिन्न कारणले सम्बन्धित कमिटीको कारवाहीमा परेका तर आफ्नो कमजोरी आत्मसात गरी लिखित आत्मालोचना गरेका र व्यबहारबाट विश्वास जितेका कमरेडहरुलाई उपयुक्त जिम्मेवारी दिएर परिचालन गर्न उदारता अपनाउन निर्देशन गर्ने निर्णय गरिएकोछ ।

हार्दिक अभिवादन सहित

**माधव ढुंगेल**
**सचिव**

Email: orgdpart@gmail.com